# चौथो अध्ययन
# परमेश्वरको वचन पढ्नु

**परिपक्व हुनु पर्ने आवश्यकता**

अब तपाईं क्रिश्चियन भैसक्नु भएकोछ. तपाईं नयाँगरी जन्मनु भएकोछ, तपाईं ख्रीष्ट येशूमा नयाँ श्रृष्टि हुनुभएकोछ (२कोरिन्थी ५:१७ हेर्नुहोस्). आत्मिक रीतिले तपाईं भर्खरै जन्मिएको शिशू जस्तै हुनुभएकोछ, जसलाई परिपक्व भएर बढ्नका लागि थुप्रै कुराहरू चाहिन्छन्. परमेश्वरको वचनले यसो भन्छः

> *नयाँ जन्मिएका बालकहरू जस्तै छलरहितको आत्मिक दूधको तृष्णा गर र त्यसबाट तिमीहरू मुक्तिको निम्ति बढ्दै जाओ* (१पत्रस २:२).

यहाँ दूधले परमेश्वरको वचन (बाइबल) लाई जनाउँछ. बाइबल नियमित पढ्ने गर्नुपर्छ. यसमा मनन गर्नुपर्छ र यसको पालन गर्नुपर्छ. क्रिश्चियन जीवनको बृद्धि तथा परिपक्वताको लागि यो आधारभूत काम हो. हामीले वचन नपढ्ने, मनन नगर्ने र यसलाई पालन नगर्ने हो भने हामी सधै आत्मिक बालक वा बाउन्ने विश्वासी रहिरहनेछौं.

**के गर्नुपर्छ त ?**

तपाईंले कम्तिमा पनि आधुनिक अनुवादको नयाँ नियम बाइबल पाउनु अत्यन्तै महत्वपूर्ण छ. पढ्नको लागि हामी हाधुनिक नेपाली बाइबलको सिफारिश गर्दछौं. नेपालीमा अझ बुझिने बाइबलहरु उपलव्ध भइराखेका छन् र हुँदैछन् पनि. एउटा क्रिश्चियन व्यक्ति भएको नाताले हामीले दिनहुँ परमेश्वरको वचन अध्ययन गर्ने समय छुट्याउनु पर्छ. वास्तवमा हामीले कुनै पनि दिन बाइबल नपढिकन खेर फाल्नु हुँदैन. यूहन्नाको सु-समाचारको किताबबाट पढ्न थाल्नु राम्रो हुन्छ. एक दिनमा कम्तिमा एक अध्याय पढ्नुहोस्. पढ्न थाल्नुभन्दा पहिले हरेक दिन नै परमेश्वरले आफैंलाई प्रकट

गर्नु भएकोहोस् र उहाँको निम्ति तपाईंले के गर्नु पर्ने हो सो देखाई दिनु होस् भनेर प्रार्थना गर्नुहोस्  जसै तपाईं पढ्न शुरु गर्नुहुन्छ, 'परमेश्वर तपाईं मलाई के भन्न चाहनुहुन्छ ?' भनी आफैं प्रश्न गर्नुहोस्.  अनि उहाँले तपाईंलाई जे भन्नु भएको छ सो पालन गर्न नबिर्सनु होस्.  यूहन्नाको सु-समाचार पढिसकेपछि कि त फेरि दोहोऱ्याउनु होस् वा पुरानो नियम पढ्न थाल्नुभन्दा पहिले नयाँ नियमका बाँकी सबै पुस्तकहरू पढेर सिध्याउनु होस्, यसो गर्दा तपाईंले बाइबल राम्ररी बुझ्न सक्नु हुनेछ.

**केही सल्लाह**

- परमेश्वरले खासगरी तपाईंको हृदय छुने तुल्याउनु भएका कुनै पनि पदहरूमा धर्को चिन्ह (underline) लगाउनुहोस्. भविष्यमा प्रयोग गर्नका लागि यसले तपाईंलाई सघाऊ पुऱ्याउनेछ.
- परमेश्वरले तपाईंलाई भन्दै गर्नु भएको थाहा पाउनु हुनेछ वा परमेश्वरसंगको सब्मन्धमा उपयोगी हुने केही कुरा पाउनु हुनेछ, यसर्थ सो कुरा टिप्नका लागि कपि-कलम ठीक पारिराख्नुहोस्.
- पदहरू कण्ठस्थ गर्नेकाम तपाईंको निम्ति सार्थक बन्नेछन्.  खासगरी एउटा विश्वासीको रुपमा परमेश्वरले गर्नु भएका प्रतिज्ञाहरू.
- पदहरू बुझ्नका लागि कठोर परिश्रम नगर्नु होस्. अन्त्यमा प्रभुले तपाईंलाई तिनको अर्थ बताई दिनुहुनेछ. तपाईंको स्थानीय मण्डलीका मानिसहरूसंग पनि ती पदहरूको अर्थ बुझाई माग्नु सक्नुहुनेछ.
- संभवत: तपाईंको स्थानीय मण्डलीमा घरेलु संगति वा हप्ताको कुनै दिनमा बाइबल अध्ययनको निम्ति संगति हुने गर्दोहोला. तपाईं त्यस्ता संगतिहरूमा सहभागी हुनुभयो भने राम्रो हुनेछ. यसरी तपाईंले परमेश्वरको वचनप्रतिको ज्ञान बढाउन सक्नुहुनेछ.
- हरेकदिन बाइबल पढ्ने क्रियाकलापले तपाईंलाई वचन पढ्न र बुझ्न सघाऊ पुऱ्याउनेछ.  यस विषयमा अझै बिस्तृत कुराहरू मण्डलीमा सोध्नुहोस्.

**निर्देशन प्राप्त गर्नु**

क्रिश्चियन जीवन एउटा यात्रा जस्तै हो. परमेश्वरको वचनले यसरी भनेकोछ:

*तपाईंको वचन मेरो खुट्टाको निम्ति बत्ती र मेरो बाटोको निम्ति उज्यालो हो* (भजन ११९:१०५).

यदि हामीले परमेश्वरको वचन पढ्ने र मनन गर्ने हो भने उहाँ हामीसँग बोल्नु हुनेछ र हामीलाई अगुवाई गर्नु हुनेछ. हामीलाई श्रृजनु हुने परमेश्वरको राम्रो निर्देशिका बाइबल हो. यसले हामीलाई सुझाव दिन्छ, र हामीलाई श्रृजनु हुने परमेश्वर को हुनुहुन्छ र हामी आफैं पनि व्यक्तिगत रीतिले को हौं भन्ने कुरा बुझ्न मदत गर्छ. हाम्रो जीवनको हरेक क्षेत्रमा हामी कसरी परमेश्वरलाई रिझाउन सक्छौं र सबभन्दा असल तरीकाले हामी कसरी उहाँको सेवा गर्न सक्छौं भन्ने कुरा बाइबलले देखाउँछ. त्यसैकारण हामीले बाइबल पढ्न तथा अध्ययन गर्न समय छुट्याउनु पर्छ भनिएको हो.

*तपाईंको वचनको अर्थले ज्योति प्रदान गर्छ. यसले निर्बोध मानिसहरूलाई समझ दिन्छ* (भजन ११९:१३०).

**परमेश्वरको वचनले के गर्न सक्छ ?**

परमेश्वरको वचनले हामीलाई समस्या र शंकाहरूमाथि विजय पाउन सघाऊ पुऱ्याउँ. यसले हाम्रो वरपरका वस्तुहरू वास्तवमा के हुन् र ती कस्ता छन् भन्ने कुरा देखाउँछ. किनभने यो हाम्रो निम्ति प्रकट गरिएको परमेश्वरको सत्यता हो. तपाईं धर्मशास्त्र बाइबलमाथि भरपर्न सक्नु हुन्छ.

*परमेश्वरबाट प्रेरणा भएको हरेक धर्मशास्त्र (वचन) सिकाउनलाई, अर्ति दिनलाई, सच्याउनलाई, उचित जीवन यापन गर्नलाई उपयोगी हुन्छ, र परमेश्वरको जन हरेक सुकर्ममा पूर्णरुपले सिद्ध भएको होस्* (२तिमोथी ३:१६-१७).

परमेश्वरको वचनले हामीलाई पोषण (खानेकुरा) प्रदान गर्छ, जसले हामीलाई परमेश्वरसंग अनन्तसम्म रहन तयार पार्दछ. हाम्रो जीवनमा भएका सबैथोकहरू परमेश्वरका एवं उहाँका निम्ति हुन् वा होइनन् भनेर नाप्ने यो एउटा मापक हो.

**के हामी नयाँ नियममा भर पर्न सक्छौं ?**

तल दिइएको तालिकाले तुलना गर्न योग्य तत्कालिन बाह्य (secular) साहित्यसंग सु-समाचारमा पुस्तकहरूको प्रामाणिकता तथा विश्वासयोग्यताको तुलना गरिएको देखाउंछ :

| प्राचिन लेखहरू | धर्मशास्त्र सम्बन्धी थियोडाइडसको इतिहास | कैसरको गैलिक युद्ध | टेसिटसको इतिहास | चारवटै सुसमाचार |
|---|---|---|---|---|
| क. शुरुका लेख लेख्नेहरू | ४६०-४०० इ.पू. | ५८-५० इ.पू. | करिब इ.सं. १०० | इ.सं. ६५-९० |
| ख. सबभन्दा पुरानो पाण्डुलिपि | इ.सं.९००(प्रथम शताब्दिको अंशहरु) | इ.सं. ८५० | इ.सं. ८०० | इ.सं.३५० (त्यसभन्दा अघिको पाण्डुलिपिका अंशहरु) |
| ग. क र ख बीचको अनुमानित समय | १,३०० वर्ष (थप ४००वर्षको केही पाण्डुलिपिका खण्डहरु) | ९०० वर्ष | ७०० वर्ष | ३०० वर्ष (थप ५० वर्षको केही पाण्डुलिपका खण्डहरु) |
| घ. आजसम्म रहेका तत्कालिन लेखहरूको संख्या | ८ | १० | ४ | २,००० वर्ष जति |

पावल र नयाँ नियमका अरू लेखकहरूले पाण्डुलिपि तयार पार्दा येशूको पुनरुत्थान देख्ने साक्षीहरू २५० देखि ५०० जनासम्म थिए भन्ने कुरा सम्झनु पर्छ. यदि शुरुका मण्डलीहरूका लेखोटहरू झुट्टा हुन्थे भने निश्चय नै तिनको प्रामाणिकताको लागि चुनौति दिने कारण रहने थिए. तर यस्तो हुन सकेन. उसबेलाका बाह्य साहित्यहरूले येशूको उल्लेख गरेकाछन्, तिनले सु-समाचारको विरोध गरेका छैनन् – सु-समाचारलाई हुँदै नभएको कुरो भनेका छैनन्. पुरातात्विक खोज तथा अनुसन्धानका कार्यहरूले समेत बाइबलको सत्यताथि कुनै शंका उत्पन्न गरेका छैनन्. यी सबै कुराहरूले नयाँ नियमको विश्वासयोग्यतातिर औंल्याएकाछन्.

**प्रश्न तथा संकेत**

१. हाम्रो लागि धर्मशास्त्र उपयोगी छ भनी २तिमोथी ३:१६-१७ मा के के चारवटा कुराहरू बताइएकोछ ? र यसमा परमेश्वरको के उद्देश्य छ ?

२. यहोशू १:७-८ पढेर तलका प्रश्नहरूको जवाफ दिनुहोस् :

   क. हामीले परमेश्वरको वचन पढ्नु पर्ने हो अथवा हामी जे ठान्छौं त्यही ठीक हो भन्दै बस्नु उचित हुन्छ ?

   ख. हामीलाई मौका मिलेकोबेला मात्रै कहिलेकाहिँ परमेश्वरको वचनको विषयमा बिचार गर्नु राम्रो हो ?

   ग. के परमेश्वरको वचन हाम्रो दैनिक जीवनसँग साँच्चै सम्बन्धित छ त ? के यसले हामीलाई व्यवहारिक भएर जिउन सहायता गर्छ ?

   घ. परमेश्वरको वचनमा मनन गर्नुको सोझो परिणाम के हुन्छ ?

३. धर्मशास्त्रले तपाईंको लागि के गर्न सक्छ ? (२तिमोथी ३:१५)

४. बाइबल अन्य किताबहरूभन्दा के कारणले गर्दा फरक छ ? (१थिस्सलोनिकी २:१३)

५. बाइबलले प्रकाश पारे जस्तै गरी येशूको शिक्षामा हामी लागिरहंदा के हुनेछ ? (यूहन्ना ८:३१, ३२)

६. हामी परमेश्वरको वा ख्रीष्टको वचनलाई के गर्न दिनुपर्छ ? (कलस्सी ३:१६; रोमी १५:४)

७. येशूले "मानिस रोटीले मात्र बाँच्दैन" भन्नुभयो, यसो भए हामी कसरी आफैंलाई खुवाउन र जीवित राख्न सकौंला त ? (मत्ती ४:४)

८. परमेश्वरको वचनको वर्णन कसरी गरिएकोछ ? (हिब्रू ४:१२)

९. प्रभु हामीले के गरेको चाहनुहुन्छ ? त्यसको परिणाम कस्तो होला ? (भजन १:१-३)

**प्रार्थना**

महान परमेश्वर, तपाईंले हामीलाई वचनको प्रकाश पार्ने बाइबल उपलब्ध गराउनु भएको लागि धन्यवाद, तपाईंको तपाईंको बारेमा र मेरो निम्ति तपाईंको योजनाको विषयमा म थोरै मात्र बुझ्दछु भन्ने मलाई थाहा छ. प्रभु, म अझै बढता जान्न चाहन्छु. हरेक दिन तपाईंको वचन बाइबल पढ्नलाई समय मिलाउन मलाई सहायता गर्नुहोस्. मैले बाइबल पढ्दाखेरि मलाई तपाईंका बारेमा

अझै धेरै सिक्न सक्षम हुने तुल्याउनु होस् र म तपाईंको लागि के गरुँ ? येशूको नाउँमा म यो प्रार्थना गर्दछु, आमेन.